# स्याङ्जा जिल्ला अदालत

## शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

सूचना नं. १।०७३।०७४ जिल्ला अदालत स्याङ्जा

प्रकाशित मिति:- २०७३।११।८

यस अदालतमा निम्न बमोजिमको निर्माण कार्य शिलबन्दी बोलपत्रद्वारा गराउनुपर्ने भएकाले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक नेपाली निर्माण व्यवसायीहरूबाट निम्न शर्तहरूको अधिनमा रही रीतपूर्वक शिलबन्दी बोलपत्र आह्वान गरिन्छ ।

१. बोलपत्र सूचना प्रकाशित भएको मितिले ३० औं दिनभित्र बोलपत्र वापत तपशिलमा उल्लेखित रकम (फिर्ता नहुने गरी) बुझाई आ.व. ०७३।०७४ सम्म मान्यता हुने ठेक्का इजाजत पत्र, आयकरको स्थायी लम्बर (PAN) लिएको र मु.अ. कर प्रयोजनको लागि दर्ता भएको प्रमाणपत्र आ.व. २०७२।०७३ सम्मको कर चुक्ता गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी इच्छुक बोलपत्रदाताले लिखित निवेदन दिई यस अदालतबाट अदालत समय भित्र बोलपत्र सम्बन्धी कागजात खरिद गर्न सक्नेछ ।

२. खरिद भएको बोलपत्र सम्बन्धी कागजात प्रष्टसंग भरी निर्माण व्यवसायीले प्रत्येक पानामा सहिछाप गरी शिलबन्दी खाम बाहिर फर्मको नाम ठेगाना र कामको नाम ठेक्का नं. प्रष्टसंग लेखि बोलपत्र सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको बाह्र बजे भित्रमा यस अदालतमा दर्ता गराउनु पर्नेछ । दर्ता भएका बोलपत्रहरु सोही दिनको १:०० बजे उपस्थित बोलपत्रदाताहरु तथा प्रतिनिधिहरुको रोहबरमा यसै अदालतमा खोलिने छन् । बोलपत्रदाताहरु वा प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. बोलपत्र मान्य हुने अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिबाट ९० दिन हुनेछ र बोलपत्र साथ उल्लेखित बोलपत्र जमानत बापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय स्याङ्जाको एकल कोष धरौटी खाता नं. ०७२०२०००००००००३००००००७ मा जम्मा गरेको भौचर वा सो रकम बराबरको यस अदालतको नाममा मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकबाट जारी भएको बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन अवधि भएको बैंक जमानत (बिडबण्ड) पेश गर्नुपर्नेछ ।

४. अदालतले उपलब्ध गराएको बोलपत्र पुस्तिकामा कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनुपर्नेछ । समय भित्र प्राप्त नभएको रीत नपुगेको सूचनाका शर्त बिपरीत भएको बोलपत्रमाथी कारबाही हुनेछैन । केरमेट भएको खण्डमा सम्बन्धित फर्मको सहीछाप भएको हुनुपर्नेछ ।

५. बोलपत्र खरिद वा दर्ता गर्ने फर्महरुले निर्माणस्थल र कामको सम्बन्धमा राम्ररी बुझी बोलपत्र भरेको मानिनेछ ।

६. बोलपत्र भर्दा दररेट स्पष्ट रुपमा अक्षर र अंकमा उल्लेख गर्नुपर्नेछ । अक्षर र अंक फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

७. संयुक्त उपक्रम (जे.भी.) को माध्यमबाट काम गर्ने निर्माण व्यवसायीले संयुक्त लगानी सम्बन्धी सम्झौता पत्र पेश गर्नु पर्नेछ । संयुक्त उपक्रममा लिड पार्टनरको ५०% अन्य पार्टनरको २५% भन्दा कम भएकोलाई मान्यता दिइने छैन । संयुक्त उपक्रममा बढीमा तीनवटा फर्मले मात्र भाग लिन पाउनेछन । सम्झौतापत्रमा कामको विवरण तथा शेयर खुलेको हुनुपर्नेछ । तर एक बोलपत्रदाताले संयुक्त उपक्रमको साझेदार वा व्यक्तिगत मध्ये कुनै एकमात्र बोलपत्र पेश गर्न सक्नेछन ।

८. बोलपत्र सम्बन्धी विस्तृत छलफलको लागि बोलपत्र सूचना प्रकाशित भएको मितिले २० औं दिनको १:०० बजे यस अदालतमा Pre-Bid Meeting राखिएकोले सम्पूर्ण इच्छुक निर्माण व्यवसायीलाई उपस्थित हुन सूचित गरिन्छ ।

९. इच्छुक बोलपत्रदाताले e-Procurement मार्फत www.edudbc.gov.np मा गई थप जानकारी प्राप्त गर्न, बोलपत्र Download गर्न र बोलपत्र दाखिला गर्न समेत सक्नेछन । सो को लागि निम्न बमोजिम राजश्व खातामा बोलपत्र खरिद दस्तुर जम्मा गरी Deposit Bhoucher को Sanned Copy (PDF Format) मा Electronic Bid Files साथै पेश गर्नुपर्नेछ ।

१०. बोलपत्र खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन तथा खोल्ने दिन बिदा परेमा सो को भोलिपल्ट वा बिदा पछि अदालत खुलेको दिन हुनेछ ।

११. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा ठेक्का स्वीकृत गर्ने वा नगर्ने अधिकार यस अदालतमा निहित रहनेछ ।

१२. बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्न परेमा कार्यालय समय भित्र यस अदालतमा सम्पर्क राख्न सकिने छ । सम्पर्कका लागि फोन नं. ०६३-४२०१२५

१३. E-Bidding डकुमेन्टको लागि रकम जम्मा गर्ने बैंकको विवरण

क. बैंकको नाम: नेपाल बैंक लिमिटेड स्याङ्जा

ख. बैंकको कोड नं. ०७२

ग. कार्यालयको कोड नं. ४२-२०४-०१

घ. राजश्व शिर्षक नं. १४२२७

ङ. कार्यालय खाता नं. क १-१-००१/७२-४१-१५९६

१४. कुनै बोलपत्र दाताले e-bidding बाट एक पटक पेश गरेको बोलपत्र फिर्ता लिन वा संशोधन गर्न चाहेमा उक्त कार्य e bidding प्रक्रियाबाट नै गर्नुपर्ने छ । यस्ता बोलपत्र फिर्ता तथा संशोधनको लागि शिलबन्दी निवेदन (हार्ड कपी) पेश गर्न पाइने छैन ।

१५. e-bidding द्वारा बोलपत्र पेश गर्ने बोलपत्रदाताले पेश गरिएका कागजातहरुको सक्कल प्रति वा नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपि यस कार्यालयमा दर्ताको ७ दिनभित्र पेश गर्नुपर्नेछ ।

१६. यसमा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन २०६३ (संशोधित) र सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित) बमोजिम हुनेछ ।

तपसिल

| | ठे.नं. | कामको विवरण | कुल ल.ई. रकम (कन्टेन्जेन्सी र भ्याट बाहेक) | बोलपत्र खरिद दस्तुर | जमानत रकम | खरिद गर्ने अन्तिम अवधि | पेश गर्ने अन्तिम अवधि |
|---|---|---|---|---|---|---|---|
| १ | 01/073/074 District Court Office Syangja | माननीय न्यायाधीश आवास निर्माण | रु. १,१०,६९,३७७।११ | रु.३,०००।- | रु.३,९०,०००।- | बोलपत्र सूचना प्रकाशित भएको मितिले ३० औं दिन | बोलपत्र सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको बाह्र (१२:००) बजे भित्र |

सेस्तेदार शा.अ.